श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७७/०७८ सालको निर्णय नं.१३९

पुनरावेदन नं. : ०७६-RB-०१८३

पुनरावेदन दर्ता मितिः २०७६।११।२३

ABRHAM LEUI को नातिनी MEIR LEVI को छोरी 4 SIMI LANSKI 111/63 RD FLOOR REHOVOT, ISRAEL बस्ने राहदानी नं.32313486 बहाक बर्ष ५६ को GOLDA ZEHAVA ARCHA------------------------------------------------------------१ पुनरावेदक

**विरूद्ध**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरका प्रमुख भन्सार अधिकृत राजकुमार अधिकारी समेतको प्रतिवेदनले नेपाल सरकार.................................................१ प्रत्यर्थी

**मुद्दाः सुन चोरी पैठारी**

शुरु निर्णय गर्ने अधिकारी : श्री विष्णुराज ढकाल

शुरु निर्णय गर्ने कार्यालय :- त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय मिति : २०७६/१०/२०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्धान अधिवक्ता श्री केशवराज जोशी

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

त्रिभुवन विमान स्थल भन्सार, कार्यालयबाट भएको मिति २०७५/१२/११ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गतको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

**संक्षिप्त तथ्य** :

१. मिति २०७५।०१।११ गतेका दिन करिव १३:३० बजेको समयमा ISTANBUL AIRLINES को उडान नं. TK0726 मा ISTANBUL हुँदै काठमाडौ आएका राहदानी नं. 32313486 वाहक GOLDA

ZEHAVA ARCHA लाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाकथ्रु क्षेत्रको एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको साथबाट बरामद भएको चुरा आकारको चेप्टो बाला एकको मूल्य रु. ६,४४,५२५।— बराबरको १२७ ग्राम सुन निजले आफ्नै हो भनी स्वीकार समेत गरेको हुँदा भन्सार ऐन, २०६४ बमोजिम कारबाही गरिपाउँ भन्ने व्यहोराको त्रिभुवन बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टेकबहादुर अर्याल समेतको प्रतिवेदन साथ बरामद भएको सुन, बरामदी मुचुल्का र मानिस मिति २०७६।०१।११ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पेश भएको।

२. मिति २०७६।०१।११ को उजुरी प्रतिवेदन, बरामदी मुचुल्का र बरामदित १२७ ग्राम सुन दाखिला हुन आएकोले भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा ३ बमोजिम कारबाहीको लागि मुद्दा दर्ता गर्ने र कानूनी कारबाही अगाडि बढाउने भनी मिति २०७६।०१।११ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको आदेश ।

३. मिति २०७५ साल बैशाख ११ गतेका दिन करिव १३:३० बजेको समयमा ISTANBUL AIRLINES को उडान नं. TK0726 मा ISTANBUL हुँदै काठमाडौ आउँदा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयको आगमन कक्ष तर्फ त्रि.वि. भन्सार कार्यालयको यात्रु जाँचपास तथा सहजिकरण शाखाको वाकथ्रु एरियामा भन्सारका कर्मचारीहरुले एक्सरेमा चेकजाँच गर्दा मेरो साथबाट चेप्टो आकारको सुनको चुरा एक थान १२७ ग्राम बरामद गरेको हो। बरामदित सुन मेरो आफ्नै हो, मलाई आमाले दिएको सुनमा मेरो आफ्नो सुन मिसाएर बनाएको चुरा हो। सधै मैले आफ्नो साथमा लगाउने गर्छु। उक्त सुनको भन्सारमा अग्रिम घोषणा गरेको छैन। सुनको गहना ५० ग्राममात्र ल्याउन पाइने र सो भन्दा बढी ल्याउन नपाइने तथा काँचो सुन ल्याउन नपाईने भन्ने नेपालको कानुनी व्यवस्थाको सम्बन्धमा थाहा थिएन, अन्जानमा गल्ती हुन गयो भन्ने व्यहोराको प्रतिवादी GOLDA ZEHAVA ARCHA ले मिति २०७६।०१।११मा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा गरेको बयान।

४. नेपाल सरकारले जारी गरेको सूचना बमोजिम मिति २०७३/४/१ देखी विदेशी यात्रुले पचास ग्रामसम्म सुनको गहना र सय ग्राम सम्म चाँदीका गहना ल्याउदा भन्सार महसूल पूर्ण छुट हुने व्यवस्था गरको। २०६७/५/१७ को सूचनाबाट व्यक्तिगत रुपमा सुन पैठारीमा पुर्णत बन्देज लगाएकोमा प्रतिवादीबाट बरामद भएको जम्मा १२७ ग्राम सुनको प्रतिवेदनमा उल्लेखित रकम रु. ६,४४,५२५/- बिगो कायम हुने हुँदा उक्त रकम बराबर धरौटी माग गर्ने भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयको थुनछेक आदेश अनुसार मिति २०७६/१/११ मा धरौटी रकम बुझाई प्रतिवादि तारेखमा रहेकोमा मिति २०७६/२/१२ देखि तारेख गुजारी बसेको ।

५. प्रस्तुत मुद्दाको मिसिलसाथ संलग्न प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादीको बयान तथा प्रचलित कानुन समेतको अध्ययन गर्दा प्रतिवादीबाट १२७ ग्राम सुनको चुरा बरामद भएको, उक्त सुनले भन्सारमा कहीँ कतै घोषणा नगरी भन्सार तिरेको निस्सा पेश नगरी लुकाई छिपाई ल्याएको कार्यलाई सामान्य भन्न मिल्दैन। तसर्थ प्रचलित कानून तथा सूचनाका आधारमा नेपाल भित्र विदेशबाट तोकिएको प्रकृया पुर्‍याई पैठारी गर्न पाउने परिमाण बाहेक अन्य निषेधित परिमाणमा निज प्रतिवादीले ल्याएको उक्त सुन कानून सम्मत पैठारी भए गरेको देखिएन। उल्लेखित परिमाणको सुन निजको शरिरबाट बरामद भएको

तथ्य र प्रतिवादीको बयानबाट स्पष्ट देखिएको छ। नेपालमा यसरी सुन ल्याउन पाईदैन भन्ने कानूनी व्यावस्था बारेमा थाहा थिएन भन्ने बेहोराको बयान गरेको देखिएता पनि कानूनको सर्वमान्य सिद्धान्त "कानूनको अज्ञानताबाट कसैलाई छुट हुने छैन" भन्ने यथार्थतालाई नजरअन्दाज गर्न मिल्दैन। प्रतिवादीले निजबाट बरामद गरेको सुनको भन्सारमा अग्रिम घोषणा गरेको छैन भनि दिएको बयान बेहोराबाट भन्सार छली चोरी पैठारी गरेको स्वीकार गरेकोले प्रतिवादीले अवैध रुपमा चोरी पैठारी गर्ने मनसायले सुन ल्याएको देखिन आयो। प्रचलित ऐन, कानूनको बर्खिलाप हुने कार्य गरेकोले कानून बमोजिम पैठारी भएको भन्न सकिने अवस्था रहेन। तसर्थ प्रतिवादीबाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहर्छ। सो ठहर्नाले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा १ वमोजिम निज प्रतिवादीबाट बरामद भएको १२७ ग्राम सुन जफत गरी जफत भएको सुनको बिगो बराबर रु.६,४४,५२५/-जरिवाना समेत हुने ठहर्छ भन्ने समेत शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६।१०।२० को निर्णय ।

६. मैले मेरो आमाले मलाई उपहार स्वरुप दिएको सुनको चुरामा मेरो आफ्नो सुन मिसाएर बनाएको चुरा मैले सँधै मेरो साथमा राख्ने हुँदा नेपाल आउँदा समेत उक्त सुनको चुरा लगाई आएकीमा हातमा निरन्तर लगाउँदा शारीरीक असहजता महसुश भई झिकेर आफ्नो नीजि हातेझोलामा राखेको अवस्थामा विपक्षी त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा आइपुग्दा उक्त मेरो नीजि चुराका सम्बन्धमा घोषणा गर्नुपर्ने भएमा सुचित गर्नु पर्नेमा नगरी त्यहाँका कर्मचारीले अनावश्यक निहु झिकी मेरो नीजि सम्पत्तीमाथि गलत नियत राखी झुठ्ठा मुचुल्का खडा गरी झुठ्ठा मुद्दा गरी अन्यायपूर्ण निर्णय गरेको, मैले नेपाल कानुन बमोजिम कति परिमाणको सुन बोक्न पाउने हो भन्ने सम्बन्धमा आफु अनभिज्ञ रहेकोले एक पटकलाई माफ पाउँ भन्दा पनि अपराध नै कबुल गरेको जस्तो गरी न्यायिक मनको प्रयोग नै नगरी शंका र अनुमानका भरमा मेरो गहना जफत गर्ने र सोलाई विगोमा परिणत गरी जरिवाना गर्ने गरेको निर्णय नेपालको संविधान, अन्तराष्ट्रिय कानून र भन्सार ऐन, २०६४ को दफा १८ को भावना प्रतिकुल हुनुको साथै मनोगत विश्वासका आधारमा सजाय गर्न नमिल्ने भनी सम्मानित सर्वोच्च अदालतबाट स्थापित नजीर सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा ३, २५, ५४ समेतका विपरित भएको शुरु भन्सार कार्यालयको मिति २०७६।१०।२० को त्रुटीपूर्ण निर्णय बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने समेत पुनरावेदक GOLDA ZEHAVA ARCHA को यस न्यायाधिकरणमा परेको पुनरावेदनपत्र ।

७. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७७।०९।०३ मा यस न्यायाधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता केशवराज जोशीले पुनरावेदक इजरायली नागरिक रहेको, इजरायलबाट काठमाडौ आउने क्रममा त्रिभुवन विमानस्थल भन्सार कार्यलयमा निजबाट दैनिक लगाउने गरेको सुनको बाला १२७ ग्राम बरामद गरेको। पुनरावेदकले दैनिक लगाउने गरेको सुनको बाला लगायर/लिएर

नेपाल आउदा भन्सारमा घोषणा गर्नु पर्ने कुरा सुचित नगरिएको, आफ्नो वृद्ध आमाले उपहारमा दिएको सुनको बाला जससंग भावनात्मक सम्बन्ध पनि रहन्छ, उक्त सुनको बाला नेपाल ल्याई विक्री गर्ने पुनरावेदक प्रतिवादीको मनसाय नभएको  बरामदी मुचुल्का र निजको बयान समेतबाट पुष्टी भएकाले चोरी पैठारी नहुँदा बरामद सुन जफत गरी विगो बमोजिम जरिवाना गरेको शुरुको निर्णय बदर गरी पुनरावेदकले सफाई पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

९. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले पुनरावेदकबाट कानूनले पैठारीमा पुर्णत बन्देज लगाएको परिमाण १२७ ग्राम सुन बरामद भएको, प्रज्ञापनपत्र नभरेको, घोषणा नगरेको कानून बमोजिमको हो भन्ने पुष्टी गर्न नसकेको हुँदा कानूनको अज्ञानता क्षम्य नहुने विधिशास्त्रीय मान्यता अनुरुप समेत शुरुको निर्णय कानून सम्मत हुँदा सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

१०. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६।१०।२० मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. यसमा इजरायली राहदानी नं.३२३१३४८६ भएका प्रतिवादी GOLDA ZEHAVA ARCHA ले मिति २०७६/१/११ मा ISTANBUL AIRLINES को उडान नं.TK0726  बाट ISTANBUL हुदै काठमाडौ आउने क्रममा अवैध रुपमा १२७ ग्राम सुन चोरी पैठारी गरी ल्याएकाले भन्सार ऐन २०६४ को दफा ५७(१) को कसुरमा सोही दफा बमोजिम बरामद सुन जफत गरी सुनको मोल बिगो रु.६,४४,५२५/- जरिवाना हुने गरी भएको निर्णय उपर प्रतिवादीको यस न्यायाधिकरणमा पुनरावेदन परेको देखिन्छ ।

१२. मिति २०७६/१/११ मा खडा भएको बरामदी मुचुल्का हेर्दा ISTANBUL AIRLINES को उडान नं.TK0726  बाट ISTANBUL हुदै काठमाडौ आएका राहदानी नं३२३१३४८६बाहक इजरायली नागरीक GOLDA ZEHAVA ARCHA को साथबाट सुनको बाला १२७ ग्राम बरामद भएको उक्त बाला प्रतिवादीले आफ्नै हो भनी स्वीकार गरेको, उक्त सुनको बालाको तौल १२७ ग्रामको नेपाल सुनचाँदी व्यवसायी संघले कायम गरेको बजार मूल्य अनुसार प्रतिग्राम रु.५,०७५ का दरले जम्मा रु.६,४४,५२५/- हुने देखिएको भन्ने उल्लेख भएको र उक्त बरामदी मुचुल्कामा निज प्रतिवादी GOLDA ZEHAVA ARCHA ले समेत रोहवरमा सहिछाप गरेको पाइन्छ ।

१३. प्रतिवादीले बयान गर्दा आफुबाट १२७ ग्राम सुनको बाला बरामद भएकोमा सावित नै देखिन्छन । उक्त बाला आफुले संधै साथमा राख्ने /लगाउने गरेको र नेपाल आउदा समेत साथैमा ल्याएको हो नेपालमा ल्याएर विक्रि गर्ने मनसाय नभएकोले चोरी पैठारी गरेको होइन भनी बयान गरेतापनि निजले उक्त सुनको बाला आफ्नो निजि प्रयोगको भएको कुरा प्रस्थान र आगमन विन्दुका भन्सार

कार्यालयमा घोषणा गरको पाइएन। भन्सार कार्यालयमा घोषणा नगरेको र भन्सार तिरेको निस्सा समेत नभएका प्रतिवादीले नेपालको कानून अनुसार उक्त परिणामको सुनको गहना लगाउन साथमा ल्याउन नपाउने कुरामा आफु अनभिज्ञ रहेको भनी बयान गरेको भएतापनि प्रतिवादीले बरामदीत सुनको बाला चोरी पैठारी गरेको होइनन भन्न सकिने अवस्था नहुने एवं अन्तराष्ट्रिय यात्रा गर्ने यात्रुले यात्रारत देशको कानूनको बारेमा रहेको अनभिज्ञताले कानून बमोजिम हुने कसुरबाट फुर्सद पाउने भन्ने देखिन आउदैन।

१४. यस स्थितिमा यी पुनरावेदक प्रतिवादी GOLDA ZEHAVA ARCHA को संगसाथबाट १२७ ग्राम सुनको चुरा बरामद भएको देखिएको, निजले भन्सारमा घोषणा गरेको र भन्सार तिरेको भन्ने नदेखिएको अवस्थामा निज पुनरावेदक GOLDA ZEHAVA ARCHA लाई भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम बरामदीत सुन जफत गरी जफत भएको सुनको विगो रु.६,४४,५२५/- जरिवाना गर्ने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६/१०/२० को निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपशिल बमोजिम गर्नू।

**तपसील**

फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनू-------------------------------१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू--------------२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू---------------------------------------------------३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौं ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

श्री राजेन्द्र पौडेल
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
टिपोट हेमन्त फुँयाल(ना.सु.)

इति सम्वत् २०७७ साल चैत्र महिना १६ गते रोज २ शुभम् ..........................